# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९
चलानी नं. : ८४०

मिति :- २०७९/०२/२०

श्री स्वास्थ्य चौकी,

(दिब्रुंग,बिशुखर्क,शान्तिपुर,ग्वाघा,रुपाकोट,तुरांग)

चन्द्रकोट गाउँपालिका, गुल्मी

बिषयः- सुरक्षित मातृशिशु सेवा सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस गाउँपालिकाका असहाय, अशक्त गर्भवती महिलाहरुलाई सुरक्षित प्रसुती गराउँदा बर्थिंग सेन्टरमा जटिलता आई गराउन नसकेमा उपल्लो निकायमा प्रेषण गर्नको लागि नेपाल सरकारको दररेट अनुसार सेवा उपलब्ध गराउने गाउँपालिका अध्यक्ष श्री युवराज खत्री क्षेत्री ज्युको पद वाहालिमा भएको निर्णय गाउँकार्यपालिकाको मिति २०७९ साल जेष्ठ १६ गतेको बैठक बाट अनुमोदन भएको हुँदा त्यहा स्वास्थ्य चौकीबाट प्रसुती गराउन वा गराउँदा जटिल अवस्था आउने स्थितिका बिरामीलाई पालिका बाहिरका स्वास्थ्य सँस्थामा प्रेषण गरेको अभिलेख यस पालिकाको स्वास्थ्य शाखामा उपलब्ध गराउन जानकारी गराइन्छ । साथै लाभग्राहिलाई सुविधा लिन आउँदा तपशिल बमोजिमका कागजात सहित पठाउन हुन् समेत अनुरोध छ ।

<u>तपशिल</u>

१. सेवाग्राहीको नागरिकताको प्रतिलिपि ,स्वास्थ्य चौकीमा गर्भजाँच गरेको कार्डको प्रतिलिपि

२. सम्बन्धित वडाको असहाय, अशक्त बेहोरा खुलेको सिफारिस

३. जटिलता भइ प्रेषण गरेको प्रेषण पुर्जाको प्रतिलिपि

४. प्रेषण गर्दा प्रयोग भएको सवारी साधनको बिलबुक र लाइसेन्सको प्रतिलिपि

प्रकाश चन्द्र शर्मा

स्वास्थ्य शाखा प्रमुख

**प्रकाश चन्द्र शर्मा**
**ज.स्वा.नि.**
**स्वास्थ्य शाखा प्रमुख**

<u>सादर अवगतार्थ</u>

श्रीमान अध्यक्ष ज्यू,

चन्द्रकोट गाउँपालिका, गुल्मी